प्रदेश सरकार
# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं.१
विराटनगर (नेपाल)

फोन नं.: ०२१-४६००७८, ०२१-४६०२२४, ०२१-४६०४४६

पत्र संख्या :
चलानी नं. :

## "प्रदेश आविस्कार केन्द्र स्थापना सहयोगका लागि प्रदान गरिने आर्थिक अनुदान सम्वन्धमा"

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको सुचना

प्रथम पटक प्रकाशित मितिः २०७७/०१/३०

यस मन्त्रालयको चालु आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको प्रदेश आविस्कार केन्द्र स्थापना सहयोग कार्यक्रम संचालन गर्नको लागि प्रदेश नं. १ मा रहेका Biological Science, Medical Science and Engineering विषय पढाई हुने सरकारी विश्वविद्यालय/ आंगिक क्याम्पस वा छुट्टै ऐन अन्तरगत स्थापित निकाय/संस्थाबाट आवश्यक कागजात सहित प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस मन्त्रालयमा प्रस्ताव सहितको निवेदन पेश गर्न हुन सम्वन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>प्रस्तावको आधार एवम् निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु तथा शर्तहरुः</u>**

क) प्रदेश नं. १ भित्र Biological Science, Medical Science and Engineering विषय पढाई हुने सरकारी विश्वविद्यालय/ आंगिक क्याम्पस वा छुट्टै ऐन अन्तरगत स्थापित निकाय/संस्था हुनुपर्ने,

ख) विश्वविद्यालय/ कलेज/क्याम्पस वा सम्वन्धित निकाय/संस्थाको आफ्नै भवन रही आविस्कार केन्द्र स्थापना तथा संचालन गर्न यथेष्ठ स्थान र सुरक्षाको राम्रो प्रवन्ध भएको हुनुपर्ने,

ग) प्रदेशस्तरको आविस्कार केन्द्र स्थापनाका लागि कलेज/क्याम्पस वा सम्वन्धित निकाय/संस्था व्यवस्थापन समिति प्रतिवद्ध हुनुपर्ने,

घ) कलेज/क्याम्पस वा सम्वन्धित निकाय/संस्थाले पछिल्लो शैक्षिक सत्रको लेखापरीक्षण अद्यावधिक गराएको हुनुपर्ने,

ङ) कूल परियोजना प्रस्तावको कम्तिमा १०% लागत सम्वन्धित कलेज/क्याम्पसले ब्यहोर्ने प्रतिवद्धता सहितको प्रदेश आविस्कार केन्द्र स्थापनाको विस्तृत लागत अनुमान बनाई पेश गर्नुपर्नेछ ।

च) मन्त्रालयको सिफारिसमा Biological Science, Medical Science and Engineering विषयमा उच्चशिक्षा हासिल गरेका प्राविधिकहरुलाई नयाँ आविस्कार गराउन सहज वातावरण र स्थान दिन सक्ने भनी कलेज/क्याम्पस व्यवस्थापन समितिको प्रतिवद्धता,

छ) स्वीकृत मूल्याङ्कनको मापदण्ड बमोजिम तुलनात्मक रुपमा प्रस्ताव बमोजिम अधिकतम् अंक प्राप्त गर्ने सरकारी विश्वविद्यालय/ आंगिक क्याम्पस वा सम्वन्धित निकाय/संस्थालाई यो कार्यक्रमको लागि छनौट गरिनेछ।

ज) छानिएका कलेज/क्याम्पस वा सम्वन्धित निकाय/संस्थालाई मन्त्रालयको तर्फबाट अनुदान स्वरुप अधिकतम् रु. ९७,५०,०००/- (सन्तानव्बे लाख पचास हजार मात्र) उपलब्ध गराइनेछ जसबाट आवश्यक संरचना तयार गर्न, औजार उपकरण लगाएतका सामाग्री र रसायनहरु खरीद गर्न सकिनेछ । साथै आविस्कार केन्द्रलाई आवश्यक पर्ने फर्निचर खरीद गर्नुपर्दा कुल परियोजना लागतको बढीमा १० प्रतिशत मात्र खर्च गर्न पाइनेछ ।

झ) कलेज/क्याम्पस वा सम्वन्धित निकाय/संस्थाले अनुदान प्राप्त गर्न मन्त्रालयको अनुदान तथा सहयोग सम्वन्धी कार्यविधि, २०७६ को अनुसूची ३ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी माथी उल्लेख गरिएका कागजातहरु संलग्न गरी अनुसूची-२ बमोजिमको निवेदनको ढाँचामा तोकिएको अवधिभित्र मन्त्रालयमा सिलवन्दी प्रस्ताव पेश गर्नुपर्नेछ ।

ञ) प्रदेश सरकार अन्तरगत छुट्टै ऐनद्वारा स्थापित विश्वविद्यालय/कलेज/क्याम्पस/ निकाय/संस्थालाई विशेष ग्राहयता दिईनेछ।

ट) प्रशासनिक खर्चका लागि यो रकम खर्च गर्न पाईने छैन ।

द्रष्टव्यः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको अनुदान तथा सहयोग सम्वन्धी कार्यविधि, २०७६ यस मन्त्रालयको वेभसाईट http://moitfe.p1.gov.np/ मा हेर्न सकिने छ।

**प्रस्ताव पेश गर्ने समय सीमाः** २०७७/०२/१३ गते कार्यालय समयभित्र

सन्जीव कुमार राई
प्रदेश सचिव